# स्थानीय  राजपत्र

खण्डः २  कीर्तिपुर, चैत्र २७ गते, २०७७ साल संख्या ८

**भाग- ३**

**कीर्तिपुर नगरपालिका**

**संवत २०७७ सालको कार्यविधी नं. ८**

## शिक्षक दरबन्दी मिलान कार्यविधि, २०७७

**प्रस्तावना :- लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार तथा नैतिक चरित्रवान नागरिक तयार गर्न यस नगरपालिकामा सञ्चालित सबै सामुदायिक विद्यालयहरूको व्यवस्थापनमा सुधार गरी गुणस्तर युक्त विद्यालय शिक्षा विकास गर्न वाञ्छनीय भएकाले कीर्तिपुर नगरपालिकाले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची ८ को क्रम संख्या ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ३ को खण्ड ज र १०२ को उपदफा २ को व्यवस्था बमोजिम विद्यालयमा दरवन्दी तथा कार्यरत विषयगत शिक्षक व्यवस्थापन तथा कार्यान्वयन गर्न यो शिक्षक दरबन्दी मिलान कार्यविधि, २०७७  तयार गरी लागु गरेको छ।**

### परिच्छेद- १
### संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम "शिक्षक दरबन्दी मिलान कार्यविधि, २०७७" रहेको छ।

(ख) यो कार्यविधि कीर्तिपुर नगरपालिकाभर लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) ‘‘नगरपालिका’’ भन्नाले कीर्तिपुर नगरपालिका बुझ्नु पर्नेछ।

(ख) ‘‘प्रमुख’’ भन्नाले कीर्तिपुर नगरपालिकाको नगर प्रमुखलाई बुझ्नु पर्नेछ।

(ग) ‘‘उपप्रमुख’’ भन्नाले कीर्तिपुर नगरपालिकाको उपप्रमुखलाई बुझ्नु पर्नेछ।

(घ) ‘‘कार्यपालिका’’ भन्नाले कीर्तिपुर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्नेछ।

(ङ) ‘‘प्रमुख प्रशासकीय अधिकृत’’ भन्नाले कीर्तिपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझ्नु पर्नेछ।

(च) ‘‘नगर शिक्षा समिति’’ भन्नाले कीर्तिपुर नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्नेछ।

(छ) ''दरबन्दी मिलान'' भन्नाले स्वीकृत दरबन्दीमा रहेका स्थायी, अस्थायी, राहत, करार तथा स्थायी दरवन्दीमा कार्यरत सबै सट्टा शिक्षक र नगरपालिकाको अनुदानबाट पारिश्रमिक पाउने दरबन्दी सहित कार्यरत शिक्षक मिलान सम्झनु पर्दछ ।

(ज) "ऐन" भन्नाले शिक्षा ऐन २०७४ (संशोधन सहितलाई) बुझाउने छ ।

(झ) ''नियमावली'' भन्नाले शिक्षा नियमावली २०७४ लाई बुझ्नु पर्दछ ।

(ञ) ''तह'' भन्नाले विद्यालयको तह बुझ्नु पर्नेछ ।

(ट) ''सामुदायिक विद्यालय'' भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफारहित प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृतिप्राप्त विद्यालय बुझ्नु पर्दछ ।

(ठ) ''नगर शिक्षा प्रमुख'' भन्नाले नगरपालिकाभित्र स्थानीय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङकन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न नेपाल सरकारले खटाएको शिक्षा शाखाको वरिष्ठतम कर्मचारी बुझ्नु पर्नेछ ।

(ड) ''शिक्षक'' भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउछ ।

(ढ) "विद्यालयको समायोजन'' भन्नाले विद्यालय गाभ्ने, ठाउँ सार्ने, नाम परिवर्तन गर्ने, बन्द गर्ने, तह वा कक्षा बढाउने, घटाउने बुझ्नुपर्छ ।

(ण) "विद्यालय व्यवस्थापन समिति'' भन्नाले कीर्तिपुर नगरपालिका क्षेत्र भित्रका विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(त) ''तोकिएको'' वा ''तोकिए बमोजिम'' भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## **विद्यालयगतरूपमा आवश्यक शिक्षक व्यवस्था गर्दा लिइने आधार**

२.१ कक्षा १-३ सञ्चालन भएका विद्यालयमा जतिसुकै विद्यार्थी संख्या भएपनि न्यूनतम २ (दुई) ओटा दरबन्दी कायम गर्ने ।

२.२ उपदफा २.१ बमोजिमको विद्यालयमा १०५ (एक सय पाँच) जना भन्दा बढी विद्यार्थी भएमा ३ (तीन) ओटा दरबन्दी कायम गर्ने । सो भन्दा माथि विद्यार्थी संख्या भएमा १:३५ शिक्षक विद्याथी अनुपातमा दरवन्दी कायम गर्ने ।

२.३ कक्षा १-५ सञ्चालन भएका विद्यालयमा जतिसुकै विद्यार्थी संख्या भएपनि न्यूनतम ३ (तीन) दरवन्दी कायम गर्ने ।

२.४ उपदफा २.३ बमोजिमको विद्यालयमा विद्यार्थी संख्या १४० भन्दा बढी भएमा ४(चार) दरबन्दी कायम गर्ने र सो भन्दा बढी विद्यार्थी भएमा १:३५ को अनुपातमा दरवन्दी कायम गर्ने ।

२.५ कक्षा ६-८ सञ्चालन भएका सबै विद्यालयहरूमा जतिसुकै विद्यार्थी भएपनि न्यूनतम ४ (चार) विषयगत दरबन्दी कायम (साविकको नि.मा.वि. वा राहत कोटा वा नगरपालिकाबाट अनुदान कोटा मध्ये) गर्ने ।

२.६ उपदफा २.५ बमोजिमको विद्यालयमा १७५ भन्दा बढी विद्यार्थी संख्या भएमा १:३५ को शिक्षक विद्यार्थी अनुपातका दरले आधारभूत तह कक्षा ६-८ मा दरबन्दी वा शिक्षक उपलब्ध गराउने ।

२.७ कक्षा ९-१० सञ्चालन भएका विद्यालयहरूमा जतिसुकै विद्यार्थी संख्या भएपनि न्यूनतम ५ (पाँच) विषयगत दरबन्दी कायम गर्ने । र सो भन्दा बढी विद्यार्थी संख्या भएमा १:३५ का दरले थप दरवन्दी व्यवस्थापन गर्ने ।

२.८ कक्षा ११-१२ सञ्चालन भएका विद्यालयमा जतिसुकै विद्यार्थी संख्या भएपनि हाललाई न्यूनतम २ (दुई) दरवन्दी उपलब्ध गराउने ।

## **परिच्छेद-३**

## बिषयगत दरबन्दी मिलानका आधार

३.१ आधारभूत तह कक्षा १-५ का लागि सबै बिषय अध्यापन गर्नु पर्नेछ ।

३.२ आधारभूत तह कक्षा ६-८ का अनिवार्य विषयका न्यूनतम

४ (चार) दरबन्दीमा देहायको प्राथमिकताका आधारमा क्रमशः व्यवस्थापन गर्दै जाने ।

(क) नेपाली विषयमा एक दरबन्दी ।

(ख) अंग्रेजी विषयमा एक दरबन्दी ।

(ग) गणित विषयमा एक दरबन्दी ।

(घ) विज्ञान विषयमा एक दरबन्दी ।

(ङ) विद्यार्थी संख्या बढी भएको कारण थप दरबन्दी उपलब्ध हुने भएमा सामाजिक तथा अन्य विषयहरू थप गर्दै जाने ।

(च) कुनै विद्यालयमा दरवन्दी खाली भएको अवस्थामा दरबन्दी मिलान कार्य नहुँदासम्म विद्यार्थी संख्या कम र शिक्षक संख्या बढी भएका विद्यालयमा शिक्षक नियुक्तिसम्बन्धी प्रक्रिया रोक्का गर्ने र त्यस्तो दरबन्दीलाई नगर शिक्षा समितिको पुल दरबन्दीमा ल्याई दरबन्दी मिलान गर्दा आवश्यक ठाउँमा वितरण गरिने तर जुन विद्यालयमा शिक्षक पदपूर्ति नभएको कारणले विद्यालय नै बन्द हुने या कुनै विषयको पठनपाठन नै हुन नसकि बाधा उत्पन्न हुने अवस्था भएमा नगरपालिकाले कानुन बमोजिम करार शिक्षक नियुक्तिका लागि प्रक्रिया अगाडि बढाउन सकिनेछ ।

३.३. आधारभूत तहमा सबै विषय शिक्षकले न्यूनतम ५ (पाँच) पिरियड अध्यापन गर्नु पर्नेछ ।

३.४. माध्यमिक तह कक्षा ९-१० का अनिवार्य विषयका न्यूनतम ५(पाँच) दरवन्दीमा देहायको प्राथमिकताका आधारमा क्रमशः शिक्षक व्यवस्थापन गर्दैजाने ।

(क) नेपाली विषयमा एक दरबन्दी ।

(ख) अंग्रेजी विषयमा एक दरबन्दी ।

(ग) गणित विषयमा एक दरबन्दी ।

(घ) विज्ञान विषयमा एक दरबन्दी ।

(ङ) सामाजिक विषयमा एक दरबन्दी ।

(च) विद्यार्थी संख्या बढी भएको कारण थप दरबन्दी उपलब्ध हुने भएमा ऐच्छिक बिषयलाई प्राथमिकता दिईनेछ ।

(छ) माध्यमिक तहमा सबै विषय शिक्षकले न्यूनतम ४(चार) पिरियड अध्यापन गर्नु पर्नेछ ।

## परिच्छेद-४

## शिक्षक व्यवस्थापनका आधार

४.१. विशेष क्षमता(अपाङ्गता) भएका शिक्षकहरूको अपाङ्गताको प्रकृति अनुसार तथा महिला शिक्षकहरूलाई शिक्षक व्यवस्थापनमा विशेष प्राथमिकता दिईनेछ ।

४.२. दरवन्दी मिलान भई व्यवस्थापन हुने शिक्षकले दरवन्दी थप हुने विद्यालयमा बिषय मिल्ने गरी जेष्ठता अनुसार रोजेको विद्यालयमा प्राथमिकता दिईनेछ ।

४.३. माथिल्लो तहको योग्यता भएका शिक्षकलाई माथिल्लो तहकै विद्यालयमा व्यवस्थापन गर्न प्राथमिकता दिईनेछ ।

४.४. दरबन्दी मिलान कार्य सम्पन्न नगर्दा सम्म रिक्त पदमा नियुक्ति र सरुवाका लागि अनुमति रोक्का गरिनेछ । यदि शिक्षक विद्यार्थी अनुपात बढी भएमा उक्त दरवन्दीलाई विद्यार्थी संख्याको अनुपातका आधारमा नगरपालिकामा पुल कायम गरी आवश्यक विद्यालयमा काजमा राख्न सकिनेछ ।

## परिच्छेद-५

## शैक्षिक तथा वैयक्तिक विवरण संकलन

५.१. नगरपालिकामा कार्यरत सबै शिक्षकहरूको अनुसूची-१ को फारम वमोजिम शैक्षिक तथा वैयक्तिक विवरण संकलन गरी वैकल्पिक विषय पढाउने क्षमताको खोजि गरिनेछ ।

५.२. विद्यालयमा अध्यापन गरिरहेको विषय खुल्ने अनुसूची-२ अनुसारको विवरण विद्यालयसँग माग गरिनेछ ।

५.३. रिक्त भएका वा रिक्त हुदै जाने विषयहरूमा क्रमश अनिवार्य विषयहरूमा परिवर्तन गर्दै लगिनेछ ।

## परिच्छेद-६

## प्रधानाध्यापक नियुक्ति तथा कार्य सम्पादन सम्बन्धमा

६.१. जुन तहको विद्यालय हो सोही तहमा कार्यरत नगरपालिका भित्रका स्थायी शिक्षकहरू मध्येबाट शिक्षा (नवौं संशोधन) नियमावली, २०७४ को व्यवस्था अनुसार विज्ञापन गरी प्रधानाध्यापक छनोट गरिनेछ ।

६.२. प्रधानाध्यापकको छनोटमा विद्यालय विकास प्रस्ताव र नेतृत्व सीपलाई मुख्य आधार मानिनेछ ।

६.३. शिक्षा (नवौं संशोधन) ऐन, २०७४ तथा शिक्षा (नवौं संशोधन) नियमावली, २०७४ को व्यवस्था अनुसारको प्रक्रियाबाट छनौट भएका शिक्षकलाई निश्चित समयकालागि विद्यालयमा प्रधानाध्यापकको रुपमा नियुक्त गरिनेछ ।

६.४. नियुक्ति पाएको ३ (तीन) वर्ष पछि नगरपालिका भित्रका अन्य विद्यालयहरूमा आन्तरिक सरुवा गरी प्रधानाध्यापकको जिम्मेवारी तोक्न सकिनेछ । तर ५ (पाँच) वर्ष भन्दा वढी एउटै विद्यालयमा राखिने छैन ।

६.५. करार संझौता बमोजिम कार्य सम्पादन सन्तोषजनक नभएमा नगरपालिकाको अन्य विद्यालयमा सरुवा गर्न सकिनेछ ।

६.६. प्रधानाध्यापकले चौमासिक रुपमा विद्यालयले सम्पादन गरेका मुख्य कार्यहरूको प्रतिवेदन नगर शिक्षा शाखामा अनिवार्य पेश गर्नुपर्नेछ ।

६.७. प्रधानाध्यापक हुन चाहिने थप योग्यता :-

(क) प्रधानाध्यापक सम्बन्धी एक महिने तालिम लिएको ।

(ख) विद्यालय प्रशासन सम्बन्धी राम्रो ज्ञान भएको ।

(ग) सहजिकरण गर्न सक्ने क्षमता भएको ।

६.८. सामुदायिक विद्यालयहरूमा प्रधानाध्यापक नियुक्ति सम्बन्धी अन्य व्यवस्था कानुन बमोजिम हुनेछ ।

## परिच्छेद-७

## विविध

७.१. विद्यालयको उन्नयन र बिकासमा कार्यविधिको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य र दायित्व हुनेछ ।

७.२. यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरूले शिक्षा ऐन, नियम तथा नेपाल कानुनसंग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

७.३. यस कार्यविधिका प्रावधानहरुमा नगर कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ । साथै कार्यविधिको अन्तिम ब्याख्या गर्ने अधिकार नगरपालिकालाई मात्र हुनेछ ।

७.४. कार्यविधिमा भएका विषयहरू बाहेक बाधा अड्चन फुकाउनु परेमा नगरपालिकाको नीतिगत निर्णय नै अन्तिम हुनेछ ।

**अनुसूची-१**

**(दफा-५.१ संग सम्बन्धित)**

**शैक्षिक तथा वैयक्तिक विवरण संकलन फारम**

## शिक्षकको वैयक्तिक विवरण

१. शिक्षकको नाम थर :-........................................... २. तह :- ...................... ३. श्रेणी :- ...........

४.स्थायी ठेगाना :- प्रदेश................जिल्ला .................गा. पा. / न. पा ..............वार्ड नं...... टोल ...........

५.जन्म मिति :- साल ........... महिना...........गते, ६. बाबुको नामथर :- ...........................................

७. बाजेको नामथर :- .................................... ८.विवाहित भए पति/पत्नीको नाम :-............................

९.पति/पत्नीको पेशा :- ...................... १०.छोरीको संख्या :- ........... ११. छोराको संख्या :- ...........

१२.इच्छाएको व्यक्तिको नामथर :- ...................... १३.इच्छाएको व्यक्तिसँगको नाता :- ...........

## शिक्षकको शैक्षिक विवरण

१. शैक्षिक योग्यता

| क.स. | उत्तीर्ण भएको परीक्षाको उपाधि | अध्ययन गरेको शिक्षण संस्थाको नाम | अध्ययन अवधि ..... देखि ... सम्म | उत्तीर्ण श्रेणी | अध्ययनका मुख्य विषयहरू |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

२. तालिमको विवरण

| क.स. | तालिमको नाम | तालिमको विषय | तालिम अवधि . . . .. देखि . . . . सम्म | उत्तीर्ण श्रेणी | तालिम दिने संस्थाको नाम, ठेगाना |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

द्रष्टब्यः- एक महिना अवधि भन्दा बढीको तालिमको मात्र विवरण उल्लेख गर्नुहोला ।

३. अध्ययन अध्यापनको विवरण

| क.स. | अध्ययन गरेको मुख्य विषय | शिक्षकमा नियुक्ति पाएको विषय | हाल विद्यालयमा अध्यापन गरिरहेको विषय | अध्यापन गर्न सक्ने विषय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

४. उपाधि तथा विशेष योग्यता

| क.स. | उपाधिको नाम | उपाधि प्रदान गर्ने निकाय | उपाधिको किसिम | विशेष योग्यता भए उल्लेख गर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## अनुसूची-२

(दफा-५.२ संग सम्बन्धित)

# विद्यालयमा अध्यापन गरिरहेको विषय प्रमाणित फारम

विद्यालयको नाम ठेगाना :- ................................................................. स्वीकृत तह :- ......................

साविकको दरवन्दी विवरण :- उ.मा. वि. . . . ., मा. वि. . . . . ., नि.मा. वि. . . . ., प्रा. वि. . . . .

| क.स. | शिक्षकको नाम, थर | तह | स्थायी/अस्थायी मिति | अध्ययनको मुल विषय | अध्ययनको ऐच्छिक विषयहरू | नियुक्तिमा उल्लेखित विषय | विद्यालयमा हाल अध्यापन गरेको विषय | अध्यापन गर्न सक्ने विषय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

प्रमाणिकरण मितिः- २०७७/१२/२७

आज्ञाले

(सीता परियार)

प्रमुख प्रशासकीय अधिकृत